# जुगल गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड** :-६ | संख्या :- १३ | कार्यपालिकाबाट स्वीकृत :- २०८०/११/२२ |

## भाग २(ङ)

जुगल गाउँपालिकाको नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/ फुटे ढुङ्गाको उत्खनन् , संकलन र निकासी सम्बन्धी कार्यविधि २०८०

जुगल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बराम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

# नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको उत्खनन् , संकलन र निकासी सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** जुगल गाउँपालिका भौगोलिक क्षेत्रभित्रका नदीजन्य पदार्थ वा स्वीकृत खानी क्षेत्र र स्वीकृत खानीक्षेत्र बाहेकका स्थानहरुबाट उत्खनन् र संकलन भएका वा हुने स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको निकासीलाई व्यवस्थित र वातावरण मैत्री बनाउदै गाउँपालिकाको राजश्वमा वृद्धि गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको उत्खनन् ,संकलन र निकासी सम्बन्धी कार्यविधि २०८० " रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)**"गाउँपालिका"** भन्नाले जुगल गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख)**"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनु पर्दछ ।

(ग)**"नदीजन्य पदार्थ"** भन्नाले नदी, खोला, खोल्सी खहरे, नहर कुलो, बाढी पहिरो, नहर, कुलोले बगाई ल्याई नदी, खोल्सी खहरेको किनारा तथा आसपासका वन क्षेत्र वा ;सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुपिएका ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान,माटो तथा बहुमुल्य पत्थर, शीला, दहत्तर बहत्तर र नदीको बहावबाट बगी आउने सबैखाले वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

**(घ)"स्लेट/फुटे ढुङ्गा "** भन्नाले वर्ग फिटमा मापन हुने ढुङ्गालाई सम्झनु पर्छ । जुन भित्तामा टाँस्ने, भुईमा ओछ्याउने, छाउने, सिढी बनाउने कार्यमा प्रयोग हुन्छ ।

**(ङ)"उत्खनन्"** भन्नाले हाते औजार वा मेसिनरीको प्रयोगद्वारा नदी वा जमिनबाट नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा निकाल्ने कार्यलाई सम्झनु पर्छ ।

(च)**“संकलन”** भन्नाले उत्खनन् भएका नदीजन्य पदार्थ वा स्लाब स्टोन/फुटे/स्लेट ढुङ्गा लाई उपयूक्त स्थानमा जम्मा गरेर राख्नु कार्यलाई सम्झनु पर्दछ ।

(छ)**“निकासी”** भन्नाले उत्खनन् र संकलन भएका नदीजन्य पदार्थ वा स्लाब स्टोन/फुटे/स्लेट ढुङ्गा लाई उपयोगको लागि, नियमानुसार कर लिई गाउँपालिका भित्र वा बाहिर पठाउने कार्यलाई सम्झनु पर्दछ ।

(ज)**“अध्यक्ष”** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(झ)**“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले जुगल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) **“स्वीकृत खानी क्षेत्र”** भन्नाले खानी तथा भुगर्भ विभागमा दर्ता भएको खानीलाई सम्झनु पर्छ ।

(ट) **“स्वीकृत खानी क्षेत्र बाहेक”** भन्नाले खानी तथा भुगर्भ विभागमा दर्ता नभई यस कार्यविधि बमोजिम दर्ता भएको खानीलाई सम्झनु पर्छ ।

(ठ) **“अनुगमन समिति”** भन्नाले दफा १५ बमोजिमको स्थानीय अनुगमन समितिलाई सम्झनु पर्छ ।

(ड) **“व्यवसाय”** :- भन्नाले नदीजन्य पदार्थ वा स्लाब स्टोन /स्लेट/फुटे ढुङ्गाा उत्खनन् , संकलन र निकासी गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ण) **“व्यवसायी”** :- भन्नाले व्यवसाय गर्ने व्यक्ति वा समूह वा प्राइभेट फर्म वा खानी सञ्चालकलाई सम्झनु पर्छ ।

# परिच्छेद-२

## स्वीकृत खानी क्षेत्रको हकमा

**३. सुचिकृत हुनुपर्ने** : जुगल गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रको स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन् र संकलन गर्ने गरी प्रचलित कानुन अनुसार खानी तथा भुगर्भ विभागमा दर्ता भएका स्वीकृत खानीले देहाए बमोजिमका कागजातहरु सहित गाउँपालिकामा सुचिकृत हुनुपर्नेछ ।

(क) प्रमाणित EIA Report

(ख)लालपूर्जा, नापीनक्सा

(ग) संचालकको नागरिकता प्रतिलिपि

(घ) इजाजत पत्र

(ङ) VAT, PAN दर्ता

(च) सरजमिन मुचुल्का

**४. स्थानीय विकास शुल्क :-** स्वीकृत खानीले प्रचलित कानून अनुसार तोकिएको स्थानीय विकास शुल्क गाउँपालिकामा बुझाउनुपर्नेछ ।

**५. निकासी सम्बन्धी व्यवस्था :-** (१) गाउँपालिकाले खानी क्षेत्रबाट उत्खनन् भएका स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको निकासी गर्दा निम्न तरिकाबाट गर्नुपर्नेछ :-

(क) उत्खनन् भएका मासिक/वार्षिक परिमाण निर्धारणको लागि खानीको तर्फबाट स्वघोषणा (अनुसूचि-१) र लग सिट (अनुसूचि-२) सहित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्ने

(ख) वडाध्यक्षको वा निजले तोकिएको जनप्रतिनिधिको रोहवरमा परिमाण जाँचको स्थलगत मुचुल्का (अनुसूचि-३)

(ग) वडाले गाउँपालिकामा सिफारिस गरी गाउँपालिकाले परिमाण निर्धारणको पत्र खानी तथा भुगर्भ विभागलाई पठाउने

(घ) खानी तथा भुगर्भ विभागको राजश्व रसिद सहितको निकासी सम्बन्धी पत्र

(ङ) स्थानीय विकास शुल्क

(च) गाउँपालिकाको चेक लिस्ट सहितको निकासी सम्बन्धी पत्र

(२) गाउँपालिकाले निकासी भएका स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको परिमाण खुल्नेगरी अभिलेख (अनुसूचि-४) राख्नुपर्नेछ ।

## परिच्छेद-३
## स्वीकृत खानी क्षेत्र बाहेकको हकमा

**६. उत्खनन् र संकलन गर्न सक्ने :-** व्यवसायीहरुले गाउँपालिकामा व्यवसाय दर्ता गरी अनुमति लिएर मात्र स्वीकृत खानी क्षेत्र बाहेकबाट स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन् र संकलन गर्न सक्नेछन् ।

**७. उत्खनन् र संकलन व्यवसाय दर्ता गर्नुपर्ने:-** व्यवसायीहरुले निम्नानुसार कागजातहरु गाउँपालिकामा पेश गरी उत्खनन् र संकलन व्यवसाय दर्ता गर्नुपर्नेछ :-

(क)जग्गाधनी पूर्जी प्रतिलिपि र नापी नक्सा

(ख) मालपोत कर तिरेको रसिद

(ग) सार्वजनिक सुनुवाई गरेको माइन्युट (जनप्रतिनिधिको रोवहरमा )

(घ) चार किल्ला वस्तीका घरधुरीमा असर पर्ने/नपर्ने व्यहोरा खुलाई गरीएको स्थलगत मुचुल्का (जनप्रतिनिधि, प्राविधिकको रोवहरमा)

(ङ) वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर

(च) उत्खनन् तथा संकलन योजना

-पृष्ठभूमि

- उदेश्य

-सकारात्मक/नकारात्मक प्रभाव

- उत्खनन् /संकलन विधि

- कामदारको पारिश्रमिक/सुविधा/ सुरक्षा /वीमा

- परिणाम (दैनिक /मासिक /वार्षिक)
- वातावरण संरक्षण कोष

(छ) प्राविधिकको सिफारिस (IEE मा आधारित भएर)

(ज)सञ्चालकको निवेदन र नागरिकताको फोटोकपी

(झ) उत्खनन् र संकलनको मापदण्ड पालना गर्ने प्रतिवद्धता पत्र

(ञ) अनुगमन समितिको सिफारिस

(ट) दर्ता शुल्क

**८. इजाजत दिन सक्ने :-** दफा ७ बमोजिम दर्ता भएका व्यवसायलाई गाउँपालिकाले स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन् र संकलनको लागि इजाजत दिन सक्नेछ।

**९. निकासी सम्बन्धी व्यवस्था :-**गाउँपालिकाले दफा ६ बमोजिम उत्खनन् र संकलन भएका स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको निकासी निम्न तरिकाबाट गर्नुपर्नेछ :-

(क) उत्खनन् भएका मासिक/वार्षिक परिमाण निर्धारणको लागि व्यवसायीको तर्फबाट स्वघोषण ( अनुसूचि-१) र लग सिट (अनुसूचि-२) सहित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्ने

(ख) वडाध्यक्षको वा निजले तोकिएको जनप्रतिनिधिको रोहवरमा परिमाण जाँचको स्थलगत मुचुल्का ( अनुसूचि-३)

(ग) परिमाण यकिन गरी निकासी अनुमतिको लागि वडा कार्यालयबाट गाउँपालिकालाई लेखिएको सिफारिस पत्र

घ) गाउँ कार्यपालिका बैठकले परिमाण यकिन सम्बन्धमा गरेको निर्णय

ङ ) गाउँपालिकाले नियमानुसार कर असुल गरी निकासी अनुमती दिएको पत्र

च) निकासी परिमाण खुल्ने चेक लिष्ट

(२) गाउँपालिकाले निकासी भएका स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको परिमाण खुल्ने गरी अभिलेख ( अनुसूचि-४) राख्नुपर्ने छ।

# परिच्छेद-४

## नदीजन्य पदार्थको हकमा

**१०.उत्खनन् र संकलन गर्न सक्ने :-** व्यवसायीहरुले गाउँपालिकामा व्यवसाय दर्ता गरी अनुमति लिएर मात्र गाउँपालिका भौगोलिक क्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्न सक्नेछन्।

**११.उत्खनन् र संकलन गर्न व्यवसाय दर्ता गर्नुपर्ने** :- दफा १० बमोजिम व्यवसायीहरुले निम्नानुसार कागजातहरु गाउँपालिकामा पेश गरी उत्खनन् र संकलन व्यवसाय दर्ता गर्नुपर्नेछ :-

(क) सार्वजनिक सुनुवाई गरेको माइन्युट (जनप्रतिनिधिको रोवहरमा )

(ख) चार किल्ला वस्तीका घरधुरीमा असर पर्ने/नपर्ने व्यहोरा खुलाई गरीएको स्थलगत मुचुल्का (जनप्रतिनिधि, प्राविधिकको रोवहरमा)

(ग) वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर

(घ) उत्खनन् तथा संकलन योजना

-पृष्ठभूमि

-उदेश्य

-सकारात्मक/नकारात्मक प्रभाव

-उत्खनन् /संकलन विधि

-कामदारको पारिश्रमिक/सुविदा/ सुरक्षा /वीमा

-परिणाम (दैनिक /मासिक /वार्षिक)

-वातावरण संरक्षण कोष

(ङ) प्राविधिकको सिफारिस (IEE मा आधारित भएर)

(च)सञ्चालकको निवेदन र नागरिकताको फोटोकपी

(छ) उत्खनन् र संकलनको मापदण्ड पालना गर्ने प्रतिवद्धता पत्र

(ज) अनुगमन समितिको सिफारिस

(ज) दर्ता शुल्क

**१२.इजाजत दिन सक्ने :-** दफा ११ बमोजिम दर्ता भएका व्यवसायहरुलाई गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि इजाजत दिन सक्नेछ ।

**१३. क्रसर उद्योग वा व्यवसाय सञ्चालनको लागि अनुमति लिनुपर्ने :-**

१. प्रचलित कानून अनुसार अन्य निकायमा दर्ता भएका क्रसर उद्योग वा व्यवसायलाई गाउँपालिका भित्र सञ्चालन गर्नको लागि गाउँसभाद्वारा तोकिएको शुल्क लिई आवश्यक कागजात सहित गाउँपालिकाले अभिलेखको दायरामा ल्याउन सक्नेछ ।

२. प्रचलित कानूनले तोकेको मापदण्ड छानविन गरी अनुगमन समितिले सञ्चालन अनुमतिको लागि कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

**१४. निकासी सम्बन्धी व्यवस्था:-** (१) दफा १० बमोजिम उत्खनन र संकलन भएका नदीजन्य पदार्थ निकासी गर्दा निम्न तरिकाबाट गर्नुपर्नेछ :-

(क) उत्खनन् भएका मासिक/वार्षिक परिमाण निर्धारणको लागि व्यवसायीको तर्फबाट स्वघोषण ( अनुसूचि-१) र लग सिट (अनुसूचि-२) सहित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्ने

(ख) वडाध्यक्षको वा निजले तोकिएको जनप्रतिनिधिको रोहवरमा परिमाण जाँचको स्थलगत मुचुल्का (अनुसूचि- ३)

(ग) वडाले गाउँपालिकामा सिफारिस गरी गाउँपालिकाले परिमाण निर्धारण गर्ने

(घ) राजश्व रसिद सहितको निकासी सम्बन्धी पत्र

(ङ) गाउँपालिकाको चेक लिस्ट सहितको निकासी सम्बन्धी पत्र

(२) गाउँपालिकाले निकासी भएको नदीजन्य पदार्थको परिमाण खुल्नेगरी अभिलेख (अनुसूचि-४) राख्नुपर्नेछ ।

## परिच्छेद-५
## अनुगमन समिति सम्बन्धि व्यवस्था

**१५. अनुगमन समिति :-** _नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन, संकलन र निकासी सम्बन्धमा अनुगमन गर्न निम्नानुसार ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

(क)संयोजक- वन, वातावरण तथा विपद व्यवस्थापन समितिका कुनै सदस्य

(ख)सदस्य - इलाका प्रहरी प्रमुख/प्रतिनिधि

(ग)सदस्य सचिव -राजश्व शाखा प्रमुख

**१६. काम ,कर्तव्य र अधिकारः-** दफा १५ बमोजिम गठित अनुगमन समितिको काम ,कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :-

(क) अत्याधिक दोहन सम्बन्धमा अनुगमन गरी तत्काल रोक लगाउन सक्ने

(ख) निषेधित क्षेत्रमा उत्खनन् र संकलन गरेको पाइएमा जरिवाना निर्धारण गरी असुल उपरको लागि कार्यपालिकामा सिफारिस गर्ने

(ग) मापदण्ड पालना सम्बन्धमा छानविन गर्ने र मापदण्ड विपरीत पाइएमा राय सहित आवश्यक कारबाहीको लागि कार्यपालिकामा सिफारिस गर्ने

(घ) नदीजन्य पदार्थ तथा फुटे ढुङ्गा दुवैको उत्खनन र संकलन व्यवसाय ,दर्ता, नविकरण वा खारेजीको लागि सिफारिस गर्ने

(ङ) उत्खनन र संकलनमा मेसिनरी प्रयोग गर्न अनुमति दिने सिफारिस

(च) निषेधित क्षेत्रमा उत्खनन र संकलन भएको पाइएमा कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्ने

(छ) विपदको दृष्टिकोणले जोखिम रहेको नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको उत्खनन, संकलन र निकासी सम्बन्धमा सिफारिस गर्ने

## परिच्छेद-६
## विविधि

**१७. निकासी सम्बन्धी विशेष व्यवस्था** :-(१) यो कार्यविधि लागु हुनु पूर्व उत्खनन् र संकलन भई निकासीको लागि तयार भएको नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गालाई गाउँपालिकाको कार्यपालिका बैंठकले संक्षिप्त मापदण्ड वा प्रक्रिया निर्धारण गरी निकासी दिइनेछ।

(२)विपदको दृष्टिकोणले जोखिम रहेको नदीजन्य पदार्थ वा स्लेट/फुटे ढुङ्गाको उत्खनन, संकलनको लागि वडा तथा गाउँपालिकाको विपद व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाको कार्यपालिका बैठकले संक्षिप्त मापदण्ड वा प्रक्रिया निर्धारण गरी निकासी दिन सक्नेछ।

**१८. मापदण्डको पालना गर्नुपर्ने**:-(१) व्यवसायीले गाउँपालिकाले यस कार्यविधि बमोजिम बनाएको मापदण्डको पालना गर्नुपर्नेछ।

(२) व्यवसायीले उत्खनन् र संकलन हुने स्थानको क्षेत्रफल, नक्सा, वार्षिक उत्खनन् परिमाण लगाएत अन्य आवश्यक विवरण सहितको होर्डिङ बोर्ड राख्नुपर्नेछ।

**१९. अत्याधिक दोहन गर्न नहुने :-** (१) व्यवसायीले गाउँपालिकाले मापदण्ड विपरित हुने गरी निर्धारित मासिक/ वार्षिक परिमाण र प्रचलित कानूनले निर्देशन गरेको भन्दा बढी परिमाणमा नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट /फुटे ढुङ्गा उत्खनन् गरी अत्याधिक दोहन गर्न हुदैन।

(२) प्राकृतिक भुगोल वा वातावरणलाई क्षतविक्षत वा नष्ट गर्ने किसिमले अत्याधिक दोहन गरेको पाइएमा अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले कारवाही गर्न सक्नेछ।

**२०. निषेधित क्षेत्रमा उत्खनन र संकलन गर्न नहुने :-** व्यवसायीले सार्वजनिक, सरकारी वा वन क्षेत्र लगाएत अनुमति नदिएको क्षेत्रबाट नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन र संकलन गर्न पाउने छैन।

**२१. कारवाही सम्बन्धी व्यवस्था :-** व्यवसायीले दफा २० बमोजिमको निषेधित क्षेत्रमा उत्खनन र संकलन गरेको पाइएमा गाउँसभाले तोके अनुसारको दण्ड जरिवाना लिई निकासी दिन सक्नेछ।

# अनुसूचि -१

## नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/ फुटे ढुङ्गा उत्खनन, संकलन र निकासी सम्बन्धमा

## स्वघोषणा पत्र

म विगत....................वर्षदेखि यस जुगल गाउँपालिका भौगोलिक क्षेत्र भित्रको नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट /फुटे ढुङ्गा उत्खनन संकलन र निकासी गर्ने सञ्चालक/व्यवसायिक हुँ । मैले निषेधित क्षेत्र वा स्थानबाट कुनैपनि नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन र संकलन गरेको छैन र यसो हुन गएको वा भएको पाइएमा कानून बमोजिम म आफै सजाय भोग्न तयार रहेको व्यहोरा स्वघोषणा गर्दै देहाय बमोजिम विवरण पेश गर्दछु ।

१. विवरण पेश गरेको कार्यालय :-...............................

२. जग्गाधनीको नाम :-............................................

३. जग्गाधनीको ठेगाना :-........................................

४. जग्गा कित्ता नं. :-.............................................

५.जग्गाक्षेत्रफल :-..................................... .........

६. सञ्चालक/व्यवसायीको नाम :-.........................

७. सञ्चालक/व्यवसायीको ठेगाना :-.......................

८. सञ्चालक/व्यवसायीको सम्पर्क नं. :-...................

९.उत्खनन र संकलन गरेको परिमाण :-........................

१०. अन्य केही भए खुलाउने :- ..................................

माथि उल्लेखित सम्पुर्ण विवरणहरु ठीक साँचो हो । झुठो ठहरिएमा कानून बमोजिम सहुँला /बुझौँला ।

दायाँ बायाँ

| | |
|---|---|
| | |

| |
|---|
| |

दस्तखत

इति संवत.................... साल ................महिना...............गते..........रोज शुभम् ॥

# अनुसूचि -२

## नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन, संकलन र निकासी सम्बन्धमा

## लग सिट

१) खानीको /व्यवसायको नामः..................................
२) ठेगानाः..............................................................
३) व्यवसायिको नामः....................................................
४) व्यवसायिको ठेगानाः...................................................
५) उत्खनन र संकलन भएका जग्गाको कित्ता नं. :............................

| क.स. | दैनिक/मासिक/वार्षिक परिमाण | एकाई | राजश्व दर रु | जम्मा रु | कैफियत (आकार खुलाउने) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | | | | |
| ५ | | | | | |

प्रमाणित गर्नेको नामः...........
सहिः .........
मितिः..........

## अनुसूचि -३
### नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन, संकलन र निकासी सम्बन्धमा

**स्थलगत मुचुल्का**

लिखीतम हामी तपशिल बमोजिम व्यक्तिहरु आगे सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिका वडा नं........... निवासी सञ्चालक/व्यवसायी श्री .......................ले मिति ...........गते पेश गरेको स्वघोषण सहितको निवेदन उपर सत्य तथ्य विवरण के कसो हो भनि स्थलगत बुझ्दा देहाय बमोजिम रहेको व्यहोरा सहि साँचो हो भनि यो स्थलगत मुचुल्का गरिदियौ ।

१. जग्गाधनीको नाम :-..........................................
२. जग्गाधनीको ठेगाना :-.......................................
३. जग्गा कित्ता नं. :-...........................................
४.जग्गाक्षेत्रफल :-................................... .........
५. सञ्चालक/ व्यवसायीको नाम :-........................
६.. सञ्चालक/ व्यवसायीको ठेगाना :-......................
७. सञ्चालक/ व्यवसायीको सम्पर्क नं. :-..................
८.उत्खनन र संकलन गरेको परिमाण :-.......................
९. अन्य केही भए खुलाउने :- .................................

तपसिल

१. जुगल गाउँपालिका वडा नं.......... वडा अध्यक्ष / जनप्रतिनिधि

२. जुगल गाउँपालिका वडा नं.......... वडा प्राविधिक श्री...

३. जग्गाधनी श्री.....

४.संचालक /व्यवसायी

अन्य उपस्थिति

१........................... २..........................

इति संवत.................... साल ................महिना...............गते..........रोज शुभम् ॥

## अनुसूचि -४

### नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन, संकलन र निकासी सम्बन्धमा

### अभिलेख किताब

दर्ताः-................................

मिति :-.............................

व्यवसायिको नामः-.......................

व्यवसायिको ठेगाना :-.................

व्यवसायिको सम्पर्क नं.:-..............................

उत्खनन र संकलन हुने पदार्थ :-..........................

उत्खनन र संकलन हुने जग्गाको कित्ता नं.-:...............

उत्खनन र संकलन हुने जग्गाको क्षेत्रफल :-.........................

उत्खनन र संकलन हुने वार्षिक परिमाण :-..............................

उत्खनन र संकलन भएको महिनाः-...................................

| क्र.सं. | अघिल्लो महिना सम्मको | यस महिनाको | बाँकी परिमाण | प्रमाणित गर्नेको सहि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत